नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २१३ २०८२ साल चैत १४ गते शनिबार (28 Mar 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : परम्परा तोड्दै 'कोर्ट ... ३ पृष्ठमा : एसइई परीक्षाको तयारी पूरा, ... ३ पृष्ठमा : स्ट्रेट अफ होरमुजमा इरानको ...

# प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद् गठन

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ चैत ।**

नेपालको ४३औं प्रधानमन्त्रीको रुपमा बालेन्द्र शाह शुक्रबार नियुक्त भएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले उनलाई नेपालको संविधानको धारा, ७६ को उपधारा (१) बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गरेका हुन् ।

सोही दिन नवनियुक्त प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद् गठन भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त प्रधानमन्त्रीको उपस्थितिमा राष्ट्रपतिको कार्यालयमा आयोजित विशेष



समारोहमा नवनियुक्त मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ गराए ।

डा स्वर्णिम वाग्ले अर्थमन्त्री, सुधन गुरूङ गृहमन्त्री, शिशिर खनाल परराष्ट्रमन्त्री, सुनील लम्साल भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री, विराजभक्त श्रेष्ठ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री, खड्गराज पौडेल संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री, सस्मित पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि एवं खेलकुदमन्त्री, निशा मेहता स्वास्थ्य तथा जनसङ्ख्या एवं खानेपानीमन्त्री, डा विक्रम तिमिल्सिना सञ्चार तथा सूचना प्रविधिमन्त्री, प्रतिभा रावल सामान्य प्रशासन तथा भूमि व्यवस्था तथा गरिवी निवारणमन्त्री, सोविता गौतम कानुन, न्याय तथा संसदीय मामिलामन्त्री, गीता चौधरी कृषि तथा पशुपक्षी एवं वन तथा वातावरणमन्त्री, डा दीपक साह श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री र सीता वादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीको शपथ लिएका थिए ।

यसैगरी, रक्षा र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी भने हाल प्रधानमन्त्री शाहले आफैं सम्हालेका छन् ।

## कार्की आयोगको प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने सरकारको निर्णय

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ चैत ।**

प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा गठित नयाँ सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले गरेका चार वटा मुख्य निर्णयहरू सार्वजनिक गरिएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार बसेको बैठकले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेललाई सरकारको प्रवक्तामा नियुक्त गर्ने निर्णय गरिएको छ ।

त्यस्तै गत भदौ २३ र २४ गते भएको 'जेनजी आन्दोलन' तथा यसअघि भएका विभिन्न आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण सम्मान एवं हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने निर्णय गरिएको छ ।

यसैगरी बैठकले सरकारको शासकीय सुधारका लागि तयार पारिएको '१०० कार्यसूची' स्वीकृत गरेको छ । उक्त कार्यसूची भोलिसम्ममा सार्वजनिक गरिने प्रवक्ता पोखरेलले जानकारी दिए ।

भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगले नेपाल सरकारसमक्ष पेस गरेको प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने निर्णय भएको उनले बताए ।

आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रको हकमा अध्ययन समिति गठन गरी सो समितिले पेस गर्ने सिफारिस बमोजिम हुने छ । अन्यको हकमा सो आयोगले गरेको सिफारिसलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित निकाय (गृह मन्त्रालय लगायत) लाई निर्देशन दिने निर्णय भएको छ ।

## रामनवमीमा शोभायात्रा



**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत ।**

भगवान श्रीरामको जन्मोत्सव रामनवमीको अवसरमा शुक्रवार राजविराजस्थित राममन्दिरबाट भव्य रुपमा शोभायात्रा निकालिएको छ ।

जिल्लाको विभिन्न स्थानबाट बाजागाजासहित आएका श्रद्धालुभक्तजनहरु राममन्दिर पुगेर झाँकीसहित शोभायात्रा नगर परिक्रमा गरेको थियो ।

रामसीताको दर्शन गर्न हजारौ श्रद्धालु मन्दिर परिसरमा भेला भए पछि झाँकी सहितको शोभा यात्रा शुरु भएको थियो । राम मन्दिर पूजा समिति, हिन्दू सम्राट सेना, विश्व हिन्दू परिषद् लगायतका हिन्दूवादी संगठनको अगुवाईमा निकालिएको शोभायात्राका सहभागी भक्तजनले लगाएको जयश्री रामको नारा लगाएका थिए ।

रामनवमीका दिन शुक्रवार

***बाँकी अन्तिम पृष्ठमा***

IMPACT Nepal

**आवश्यकता**

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यसइम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ चैत्र १६ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकार्ता **(महिला)** | राजविराज | १ | CMA/HA |

**द्रष्टव्य:**
१. उमेर १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।
२. दरखास्त बुझाउनु पर्ने स्थान :इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउन सकिनेछ ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हालसालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वाताको लागी सर्म्पक गरीने छ ।
५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।
६. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

**यौन हिंसाबाट बचौं र बचाऔं:**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन् ,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### काम सम्पन्न गराउनेतर्फ ध्यान पुगोस्

वर्षौंदेखी सप्तरी जिल्लामा अधुरा रहेका विकासीय कार्यहरुलाई सम्पन्न गराउनेतर्फ अग्रसरता देखाउनु जरुरी छ । स्थानिय पालिकाहरुले विभिन्न योजना तथा विकासीय कार्यहरु हालसम्म पनि सम्पन्न गराउन नसक्दा जनताले सास्ती व्यहोर्नु परिरहेको अवस्था छ । जिल्लामा दर्जन भन्दा बढी विकासीय कार्यहरु अझै अधुरै छ । जनप्रतिनिधिहरुको अल्मलिने गरेको कारण पनि त्यस्ता विकासीय कार्यहरु समयमा सम्पन्न हुन सकेको सर्वविधितै छ । अहिले पनि विवादै कायमै रहेकोले त्यसलाई समाधान गर्नेतर्फ ध्यान दिनु पनि उत्तिकै आवश्यक छ ।

सम्बन्धित निकायले त्यस्ता कार्यहरु पुरा गराउनेतर्फ तदारुकता देखाउनु जरुरी छ । विभिन्न कारणले विकासीय कार्य अझै ओझेलमा छन् । यसका लागि स्थानियले खबरदारी गरेर विकासीय कार्यप्रति चनाखो हुनु आवश्यक छ । छुट्याइएको बजेटलाई खेर जान नदिन अहिलेदेखी नै जनता जागरुक हुनु पनि उत्तिकै आवश्यक समेत रहेको छ । अधुरा कामहरु सूचारु गराउनेतर्फ सम्बन्धीत निकायले चासोका साथ तदारुकता तथा निगरानी बढाउनु उत्तिकै आवश्यक छ ।

तसर्थ त्यस्ता कार्यहरुप्रति अहिले देखी नै जनताले खबरदारी गरि बजेटको सदुपयोग गर्नेतर्फ ध्यान पुऱ्याउनु अति आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# परम्परा तोड्दै 'कोर्ट म्यारिज'प्रति आकर्षण बढ्दो

**नारायण न्यौपाने**

काठमाडौं, १३ चैत (रासस) ।

यही चैत ११ गतेका दिन कालो जिन्सको ज्याकेट र पेन्टमा जिल्ला अदालत काठमाडौँ परिसरमा भेटिनुभएका बाजुरा त्रिवेणी नगरपालिका-७ का लोकेसकुमार अयडी निकै हतारमा देखिनुहुन्थ्यो । उहाँसँगै सोही जिल्लाकै गौमूल-४ की पुनम कुँवर हरियो कुर्ता सुरुवालमा अघिपछि गर्दै हुनुहुन्थ्यो । उहाँहरू अदालतमा अन्य कुनै प्रशासनिक झमेला र न्यायका लागि आउनुभएको भने थिएन ।

उहाँहरू त्यहाँ अदालती विवाह अर्थात् दर्ता विवाहका लागि आउनुभएको थियो । आवश्यक प्रक्रिया पूरा गरिसकेपछि दुलहा अयडी र दुलही कुँवरले सोही दिन नै विवाह दर्ताको प्रमाणपत्र प्राप्त गर्नुभयो । वैदेशिक रोजगारीका सिलसिलामा जापानमा रहनुभएका अयडी छोटो बिदामा नेपाल आएर घरपरिवारसँगको सहमतिमा अदालती विवाह गर्नुभयो ।

दुलहा अयडी भन्नुहुन्छ, "चैत महिना छ, परम्परागत विवाह गर्न लगन, तिथि र मिति जुरेन । त्यो नभएपछि घरपरिवारको अनुमतिमा अदालती विवाह गर्ने निधो गरेँ । घर पुग्न सम्भव भएन, कम खर्चिलो, छोटो समयमा हुने भएकाले यो बाटो रोजेको हुँ ।" त्यसो त धेरैले विवाह भन्ने बित्तिकै गर-गहनासहित चिटिक्कै वेशभूषामा सजिएका दुलहादुलही परम्पराअनुसारको सजावट सम्झिनु स्वाभाविक हो ।

पछिल्लो समय बढ्दो दर्ता विवाहले त्यस्ता परम्परागत भाष्य चिर्न थालेको छ । अयडी र कुवँरको जोडी मात्र होइन, यही चैत १० गते तनहुँको भानु नगरपालिका-१२ का कसम पन्त र धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-१ की भावना गिरीले पनि सोही अदालतबाट दर्ता विवाह गर्नुभयो । पन्त र गिरीको जोडी सामान्य पोसाकमा विद्यार्थीझैँ पछाडि ब्याग भिरेर भर्खरै प्राप्त गरेको दर्ता विवाहको प्रमाण लिई 'साइन बोर्ड'मा अदालत लेखिएको अक्षर कैद हुनेगरी तस्बिर खिचाई रहनुभएको थियो ।

दुलहा पन्तले भन्नुभयो, "स्वअध्ययनबाट 'कोट म्यारिज' भरपर्दो, विश्वासिलो हुन्छ भन्ने थाहा पाएर यहाँ आएको हुँ, यो आफैँ पनि कानुनी विवाह हो । केटाकेटी र घरपरिवार राजी भएमा छोटो समयमा पूरा हुने, कम खर्चिलो, सजिलो र परिवारलाई आर्थिक भार व्यहोर्न नपर्ने विवाह हो ।"

पछिल्लो समय बढ्दको सहरीकरण, वैदेशिक रोजगारी, व्यस्तता तथा भड्किलो बनिरहेको सामाजिक परम्पराले दर्ता विवाह (कोर्ट म्यारिज) प्रति आम नागरिकको चासो र आकर्षण बढेको देखिन्छ । अदालती विवाहले बाल-विवाह, बहु-विवाह, झूटो-विवाहलाई निरुत्साहित गर्ने र समयको बचत गरी दाइजो प्रथाजस्ता सामाजिक कुप्रथालाई पनि न्यूनीकरण गर्ने हुँदा यसप्रति समाज सकारात्मक बन्दै गएको हो ।

काठमाडौँ जिल्ला अदालतमा सबैभन्दा धेरै गत फागुनमा एकै दिन २७ जोडीले दर्ता विवाह गरेको तथ्याङ्क छ । अदालतका सूचना अधिकृत दीपककुमार श्रेष्ठका अनुसार लगन भएको दिन अधिकतम २७ र अघिपछि सरदर दैनिक १० वटासम्म दर्ता विवाह हुने गरेका छन् ।

चालु आर्थिक वर्षको नौ महिनामा (चैत ११ गतेसम्म) त्यस अदालतबाट एक हजार ७५५ वटा दर्ता विवाह भएको उहाँले जानकारी दिनुभयो । अघिल्लो आर्थिक वर्षमा दर्ता विवाहका लागि दुई हजार ८४३ निवेदन परेका थिए । तर, कुल दर्ता विवाहको अभिलेख भने जेनजी आन्दोलनमा जलेको जिल्ला अदालतले जनाएको छ ।

नेपाली परम्पराअनुसार लगनका आधारमा विवाहका लागि उपयुक्त महिना तोकिएका हुन्छन् । तर, त्यस्ता परम्परागत विवाहका महिना नमानिने साउनमा १९४, कात्तिकमा १५९, पुसमा २२६ र चैतको ९ गतेसम्म ६७ वटा दर्ता विवाह भएको काठमाडौँ जिल्ला अदालतको अभिलेखमा उल्लेख छ ।

**दर्ता विवाहमा कानुनको प्रोत्साहन**

समाजशास्त्री टीकाराम गौतम दर्ता विवाह आधुनिक समाजको विशेषता र समाज परिवर्तनको सङ्केतका रूपमा रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "समाजमा हुने सबै संस्कृतिलाई सामाजिक संरचना र मानिसका आवश्यकतासँग जोडेर व्याख्या गरिन्छ । अहिले नेपाली समाजको धार्मिक, राजनीतिक, सांस्कृतिकलगायत सामाजिक संरचना हिजोभन्दा धेरै परिवर्तन भएको छ । त्यो अभ्यास बदलिने क्रममा दर्ता विवाहको सङ्ख्या पनि बढेको हो ।"

कानुन र आफन्तलाई साक्षी राखी तोकिएको योग्यता पूरा गरी हुने अदालती विवाहलाई राज्यले सधैँ प्रोत्साहन गर्दै आएको छ । विवाहका लागि लगन रहेको गत फागुनमा काठमाडौँ अदालतबाट २५९ युवायवतीले दर्ता विवाह गरेका थिए । त्यस महिनामा नेपाली र विदेशी नागरिकबीच ७८ जोडीको दर्ता विवाह भएको छ ।

दर्ता विवाह गर्ने जोडीहरू अधिकांश अध्ययन, व्यापार, रोजगारीका सिलसिलामा विभिन्न पेसा व्यवसायमा काठमाडौँमा रहेका र विवाह दर्ताका लागि आफ्नो स्थायी ठेगानामा जान अनुकूल नहुनेहरू हुने गरेका छन् । वरिष्ठ अधिवक्ता सुनिता रेग्मी पोखरेल दर्ता विवाह पहिले प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट हुने गरेकामा हाल जिल्ला अदालतमा बताउनुहुन्छ ।

"वैदेशिक रोजगारीमा युवा विदेश जाने क्रम बढेसँगै यो सङ्ख्या पनि बढेको पाइन्छ । केटा होस् वा केटी विदेशबाट नेपाल आई दर्ता विवाह गर्दा दुवैका लागि आधिकारिक र प्रमाणित काजगात बन्ने हुनाले पनि यसको महत्व बढेको हो," उहाँ भन्नुहुन्छ, "ऐनले पनि विवाहलाई सार्वजनिक गर्न भनेको छ । कन्यादान, गोडाधुने, छोरी जिम्मा लगाउनेलगायतका परम्परागत विवाह प्रक्रियामै दोष छ भन्ने युवाको बुझाइले गर्दा यस्ता विवाहमा प्रोत्साहन मिलेको हो ।" विवाह दर्ता र दर्ता विवाह फरक विषय हुन् । पञ्जिकाधिकारी कार्यालयमा गरिने कार्य विवाह दर्ता हो भने दर्ता विवाह अदालतमा गरिने विषयमा प्रस्ट हुनपर्ने वरिष्ठ अधिवक्ता रेग्मी बताउनुहुन्छ ।

**पाँच सय रुपैयाँमा विवाह**

दर्ता विवाहका लागि दुबै पक्षको साक्षीको नागरिकताको प्रमाणित नक्कल प्रतिलिपिसहित केटाकेटीले कानुनबमोजिम आफूहरू विवाहका लागि योग्य छौँ भनी तस्बिर टाँसेर निवेदन दिनुपर्ने हुन्छ । अदालतले दर्ता विवाह गरेबापत रु ५०० शुल्क लिने गरेको छ । काठमाडौँ जिल्ला अदालतमा विवाहका लागि आइपुग्नुभएका कैलाली लम्कीका विनोद विष्ट रोजगारीका लागि सर्बिया जान लागेकाले छोटो समयको सदुपयोग गर्दै दर्ता विवाह गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "आधिकारिक निकायमा आएर कानुनी विवाह गर्ने मौका जुऱ्यो, यो कम खर्चिलो मात्र नभई बाहिर जान आवश्यक काजगात बनाउन पनि सजिलो हुने रहेछ ।" विवाहका लागि अदालती प्रक्रिया पुरा गरी यही चैत १० गते उहाँ कैलालीकै रश्मी बडुवालसँग वैवाहिक बन्धनमा बाँधिनुभएको छ ।

कानुनमा अदालती दर्ता विवाहका लागि सात दिनको समय निर्धारण गरेतापनि सबै कागजात पुऱ्याएको खण्डमा एकै दिन विवाह दर्ता प्रमाणपत्र दिँदै आएको अदालतका सूचना अधिकारी श्रेष्ठले बताउनुभयो ।

काठमाडौँमा मुलुकका ७७ जिल्लाका नागरिक बसोबास गर्ने तथा कतिपय अवस्थामा हतारमा विवाह गरेर विदेश जानुपर्ने अवस्थालाई दृष्टिगत गरी दुई घण्टाभित्रै पनि प्रमाणपत्र दिन सकिने व्यवस्था गरिएको उहाँले स्पष्ट पार्नुभयो । "यो अदालतले सेवाग्राहीलाई उपलब्ध गराएको 'फास्ट ट्र्याक सेवा' हो", उहाँले भन्नुभयो ।

अदालती विवाहले नेपाली समाजमा विगतमा देखिँदै आएको जातीय विभेद न्यूनीकरण गर्नसमेत सहयोग पुऱ्याएको दलित अधिकारकर्मीको बुझाइ छ । अदालती विवाहमा आउने कतिपय दुलहा र दुलही सिङ्गारिएर परिवारका साथमा आउने र साइत सम्बोधन हुनेगरी प्रमाणपत्र लिने गरेका उदाहरण पनि छन् ।

नेपाली-नेपालीबीचमा विवाह गराउनका लागि दुबै जना अविवाहित भएको केटा र केटीको स्थायी बसोबासको सम्बन्धित वडा कार्यालयको सिफारिस आवश्यक पर्छ भने विदेशीको हकमा कम्तीमा १५ दिन नेपालमा बसोबास गरेको कागजात हुनुपर्छ । साथै, यहाँस्थित सम्बन्धित देशको दूतावासबाट 'नो अब्जेक्सन लेटर' तथा विवाहयोग्य भएको प्रमाणित सिफारिस आवश्यक पर्छ ।

विदेशीका हकमा जुन देशको नागरिक हुनुहुन्छ, त्यस देशले विवाहका लागि न्यूनतम उमेर तोकिदिएको हुन्छ, त्यो जुनसुकै भाषामा भए पनि नेपाली भाषामा अनुवाद गरी पेस गरेको हुनुपर्छ । नेपालमा सम्बन्धित देशको दूतावास नभएको खण्डमा भारतमा रहेको दूतावासको सिफारिस पनि ग्रहण गर्ने अभ्यास रहेको छ ।

**लगन हेरर अदालतमा पूर्वतयारी**

पछिल्लो समय दर्ता विवाहका लागि पनि कतिपय जोडीले ज्योतिषसँग साइत हेराएर आउने गरेको पाइएको छ । अदालतले पनि भोलिपल्ट विवाहका लागि लगन रहेछ भने सोही अनुरूपमा पूर्वतयारी र जनशक्ति व्यवस्थापन गर्दै आएको छ । अदालत परिसरमा दैनिकजसो अधिकांश जोडीबीच फूलमाला र औँठी साटासाट तथा सिन्दूरपोते पहिरिएर उत्सव मनाइने गरेको दृश्य देखिने गरेको छ ।

पछिल्लो समय काम विशेष र व्यस्तताले पनि अदालती विवाहप्रति चासो बढेको छ । कतिपयले त अदालतमा विवाह दर्ता गरेपछि भने आफ्नो परम्परा र रीति परम्पराअनुसार विवाह गर्ने गरेकोसमेत पाइन्छ ।

**हाँस्ने र रुने एकै ठाउँ हुँदा विवाह 'खल्लो'**

अदालतमा दर्ता विवाहका लागि बेग्लै भवन र परिसर नहुँदा उत्सवका रूपमा पुगेका जोडीलाई त्यसअनुकूलको वातावरण प्राप्त नहुने गरेको गुनासो छ । विभिन्न अपराधमा संलग्न व्यक्ति र विवाहका लागि पुगेका परिवारजन एकै ठाउँमा रहनुपर्ने बाध्यताले असहजता देखिएकाले विवाहका लागि छुट्टै स्थानको आवश्यकता महसुस भएको आवाज उठेको छ । वैवाहिक सम्बन्धले सामाजिक तथा पारिवारिक जीवनको सुव्यवस्थालाई समेत कानुनी मान्यता प्रदान गर्छ ।

मुलुकका सबै जिल्ला अदालतमा विवाह दर्ता हुँदै आए पनि तुलनात्मक रूपमा ललितपुर, भक्तपुर, कास्की, रुपन्देही, सुनसरी, पर्सा, चितवन, मकवानपुरलगायतका जिल्लामा अदालती विवाह धेरै हुने गरेको छ । अदालतले कानुन र आफन्तलाई साक्षी राखी गरिने विवाहलाई सधैँ प्रोत्साहन गर्दै आएको छ ।

# दक्ष जनशक्ति सिर्जना गर्ने योजना गर्ने नवनियुक्त श्रममन्त्री साहको निर्णय

काठमाडौँ, १३ चैत (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मन्त्री दीपककुमार साहले पदभार ग्रहण गरेलगत्तै दक्ष जनशक्ति सिर्जना गर्ने निर्णय गर्नुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा शुक्रबार मन्त्रालयका सचिव डा दीपक काफ्लेले मन्त्रालयले प्रस्ताव गरेको 'नेस्नल एकेडेमी अफ भोकेसन ट्रेनिङ' को एक महिनाको रणनीति योजना बनाउने गरी प्रस्ताव गरिएको निर्णयमा मन्त्री साहले हस्ताक्षर गर्नुभएको हो ।

निर्णयमा हस्ताक्षरपछि मन्त्री साहले रोजगारीमा सबैभन्दा ठूलो समस्या भनेको दक्ष जनशक्तिको अभाव रहेको बताउनुभयो । खासगरी खाडी मुलुकमा रोजगारका लागि जाने नेपालीको अवस्था अझै नाजुक रहेको बताउँदै देशमा दक्ष जनशक्ति उत्पादन गर्ने उहाँको प्रतिबद्धता रहेको छ ।

महोत्तरी क्षेत्र नं २ बाट आफू निर्वाचित भएकाले त्यहाँका जनताको मनोभावनाअनुरुप कार्ययोजना

***बाँकी तीन पृष्ठमा***

# एसइई परीक्षाको तयारी पूरा, पाँच लाख १२ हजारभन्दा बढीले परीक्षा दिँदै

भक्तपुर, १३ चैत (रासस)।

राष्ट्रिय परीक्षा बोर्डले यही चैत १९ देखिदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) को परीक्षा तयारी पूरा गरेको छ। देशभरका सबै परीक्षा केन्द्रबाट एकै समयमा सुरु हुने परीक्षाको तयारी पूरा भएको बोर्डले जनाएको छ।

परीक्षा चैत २९ गते सम्पन्न हुनेछ। यस वर्ष एसइईमा पाँच लाख १२ हजार ४२१ विद्यार्थीले परीक्षा दिने परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिनुभयो।

यसपटक नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेडवृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिने भएका छन्। परीक्षा दिनेमा छात्राको सङ्ख्या बढी रहेको छ। यसवर्ष दुई लाख ५७ हजार ६१३ जना छात्रा, दुई लाख ५४ हजार ८०७ छात्र र अन्य सात जना परीक्षामा सहभागी हुने भएका छन्। यस्तै, जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिने बोर्डले जनाएको छ।

यसवर्ष बागमती प्रदेशबाट सबैभन्दा बढी एक लाख नौ हजार ५१३ विद्यार्थी परीक्षामा सहभागी हुँदैछन्। यस्तै, कोशीबाट ८२ हजार ४८७ जना, मधेसबाट ९० हजार २४३ जना, गण्डकीबाट ४३ हजार ९७२ जना, लुम्बिनीबाट ९१ हजार ८०२, कर्णालीबाट ३९ हजार ७६९ र सुदूरपश्चिमबाट ५४ हजार ६३५ विद्यार्थी सहभागी हुनेछन्।

बोर्डले परीक्षाका लागि देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण गरेको छ भने देशभरका ११ हजार ३७९ विद्यालयका विद्यार्थी परीक्षामा सहभागी हुने परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो।

यही चैत १९ गते बिहान ८ बजेदेखि देशभर एकैसाथ परीक्षा हुँदैछ। पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सञ्चालन हुनेछ भने चैत २० मा अनिवार्य नेपाली, २२ मा अनिवार्य गणित, २३ मा विज्ञान तथा प्रविधि, २४ मा सामाजिक अध्ययन, २५ मा ऐच्छिक प्रथम खण्डका सबै विषय र २६ मा ऐच्छिक द्वितीय खण्डका सबै विषय र चैत २७, २८ एवं २९ गते प्राविधिक धारका बाँकी विषयको परीक्षा सञ्चालन हुने परीक्षा नियन्त्रक अधिकारीले बताउनुभयो।

बोर्डले यसवर्ष एसइई परीक्षाको सामूहिक अनुगमनमा रोक लगाएको छ। परीक्षा केन्द्र अनुगमनका नाममा विभिन्न सङ्घ सङ्गठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको व्यापक गुनासो आएपछि बोर्डले सामूहिक अनुगमनमा रोक लगाएको हो।

अनुगमनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिका आधिकारिक प्रतिनिधिबाट परीक्षा केन्द्रको बाहिर मात्र अनुगमन गर्ने बोर्डले निर्णय गरिएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो।

यस्तै, पत्रकारले परीक्षा केन्द्रको बाहिरी दृश्य मात्र छायाङ्कन गर्न वा तस्बिर लिन मिल्ने जानकारी दिँदै उहाँले परीक्षा हलमा केन्द्राध्यक्ष तथा त्यस दिन खटिएका प्रतिनिधिले मात्र अनुगमन गर्न सक्ने व्यवस्था गरिएको बताउनुभयो।

बोर्डले परीक्षा हलभित्र दृश्य छायाङ्कन गरी सामाजिक सञ्जालमा राखेर विद्यार्थीमा विचलन नल्याउन सबैमा आग्रह गरेको छ।

परीक्षा नियन्त्रण कार्यालयले सातै प्रदेशका लागि सबै जिल्लामा प्रश्नपत्र पुऱ्याएको छ। जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा छपाइ सम्पन्न गरेर प्रश्नपत्र सुरक्षा निकायको सहयोगमा सबै जिल्लामा पुऱ्याइएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो।

“सातै प्रदेशमा फरक प्रश्न पत्र छपाइ गरिएको छ। परीक्षामा सोधिने छ वटै अनिवार्य विषयका प्रश्न प्रदेशअनुसार फरकफरक छापिएको छ”, उहाँले भन्नुभयो,“यदि परीक्षाका क्रममा कतै समस्या भएमा सम्बन्धित प्रदेशको निश्चित विषयको मात्र परीक्षा रद्द गरी पुनः प्रश्नपत्र छपाइ गर्न सकिने व्यवस्था गरिएको छ।”

प्रत्येक परीक्षा केन्द्रमा जिल्ला परीक्षा समितिले तय गरेअनुसार आवश्यकताको आधारमा सुरक्षाकर्मी परिचालन हुनेछन्। यद्यपि, प्रत्येक केन्द्रमा १५ जना प्रहरी, एक केन्द्राध्यक्ष, एक सहायक केन्द्राध्यक्ष, २० जना परीक्षार्थी बराबर एक निरीक्षक, एक सय परीक्षार्थी बराबर एक कार्यालय सहयोगी र अन्य दुई कर्मचारीको व्यवस्था गरिएको बोर्डले जनाएको छ।

# वादी समुदायका पहिलो महिला मन्त्री सीता वादी

**मधु शाही**

काठमाडौँ, १३ चैत (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सीता वादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नियुक्त हुनुभएको छ। वादी समुदायबाट मन्त्री बनेको उहाँ पहिलो हो।

महिला सशक्तिकरणमा सामाजिक संस्थामार्फत सेवा गर्दै आउनुभएकी नवनियुक्त वादीले हालै राससससँगको कुराकानीमा उहाँले वादी समुदायका महिलाको स्थिति भन्नै नाजुक रहेको बताउनुभयो। संस्थामार्फत सिलाइकटाइ प्रशिक्षण दिएर महिलालाई आर्थिक स्वावलम्बी बनाउने काम गर्दै आएको उहाँले जानकारी दिनुभयो।

कर्णाली प्रदेशको सुर्खेतस्थित वीरेन्द्रनगर नगरपालिका-१४ स्थायी घर भई हाल काठमाडौँको बूढानीलकण्ठ-८ मा बसोबास गर्दै आएकी वादीले राजनीतिक यात्रामा रास्वपाबाट सुरु गर्नुभएको हो। “महिलाहरूको स्थिति नाजुक छ, त्यसमा पनि दलित र वादी समुदायको त झनै पीडादायी छ,” उहाँले भन्नुभयो, “स्थिति सुधार गर्ने खालको परिणाममुखी काम गर्छु।”

सीताका अनुसार राजनीतिको यात्रा सजिलो छैन। तर, यो अवसरलाई उहाँले भरपुर सकारात्मक कार्यमा लगानी गर्ने बताउनुभयो। समाजमा विद्यमान असमानता, विभेद र अपमानको जालो हटाएर समानतापूर्ण समाज निर्माण गर्नुपर्ने उहाँको धारणा छ। आधा आकाश ढाक्ने महिलाको परिस्थितिलाई अझै बलियो बनाउने र सीमान्तकृत समुदायका महिलाको विकासमा जोड दिने उहाँको योजना छ।

वादी समुदाय, दलितभित्र पनि अत्यन्तै सीमान्तकृत, जहाँ गरिबी मात्रै होइन, नियति जस्तो बनाइयो, जहाँ अपमान सामान्य व्यवहारजस्तै स्वीकार गर्न बाध्य बनाइयो।

यसअघि वादी समुदायबाट सुदूरपश्चिम प्रदेशसभा सदस्यमा नेपाली कांग्रेसबाट उमादेवी वादी निर्वाचित हुनुभएको थियो। “वादी समुदायका खान र बस्नसमेत नपाएको अवस्था छ। वादी समुदायका छोरीहरूको अवस्था अन्धकारमय छ,” उहाँले भन्नुभयो। आफ्नो बाल्यकाल आर्थिक अभाव र सामाजिक अपहेलनाले भरिएको बताउँदै उहाँले पढ्नका लागि कलम-कापी नपाउँदाको पीडा सम्झनुभयो। उहाँले गरिबीकै कारण खान र बस्नसमेत चुनौती खेपेर बाल्यकाल हुर्किएको सुनाउनुभयो।

यद्यपि वादीले जीवनमा भोगेका थुप्रै सङ्घर्षले आफ्नो जीवनलाई थप बलियो र परिपक्व बनाएको बताउनुभयो। अभावका बीच पनि पढ्ने रहर उहाँले कहिल्यै मार्नुभएन र एउटा संस्थाले उहाँलाई शिक्षामा सहयोग गऱ्यो। समाजसेवा (बिएसडब्ल्यु) अध्ययन पूरा गर्नुभएकी वादीले शिक्षा नै चेतनाको मुख्य आधार रहेको बताउनुभयो। पढ्न पाएपछि उहाँले जीवनलाई फरक ढङ्गले अगाडि बढाउन सक्ने हुनुभयो। “समाजमा आत्मसम्मानको लडाइँ निकै ठूलो हुँदोरहेछ,” उहाँले भन्नुभयो, “जुन अहिलेसम्म लडिरहेछु।”

# सेवा प्रवाह सरल र भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाउन गृहमन्त्री गुरुङको निर्देशन

काठमाडौँ, १३ चैत (रासस)।

नवनियुक्त गृहमन्त्री सुधन गुरुङले सेवा प्रवाहलाई सहज बनाउँदै भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अपनाउन निर्देशन दिनुभएको छ।

गृह मन्त्रालयमा शुक्रबार पदबहाली गरेपछि कर्मचारीलाई निर्देशन दिँदै उहाँले भ्रष्टाचारीमाथि कठोर निर्णय लिने उद्घोष गर्नुभयो। उहाँले भन्नुभयो, “भ्रष्टाचारप्रति सुन्ने सहनशीलता हुन्छ कसैले घुस माग्यो भने त्यसलाई त्यत्तिकै छाडिँदैन।”

आफू जनतालाई परिणाम दिनेगरी काम गर्न मन्त्रालयको नेतृत्वमा आएको उल्लेख गर्दै गृहमन्त्री गुरुङले एकद्वार प्रणालीबाट शीघ्र सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन निर्देशन दिनुभयो। कम बोल्ने र नतिजा देखाउनेमा आफू केन्द्रित हुने उहाँको उद्घोष छ।

“सेवा प्रवाहलाई मुख्य प्राथमिकतामा राखिएको छ। १,२,३ वा क, ख, ग कोठा चाहार्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ, सेवाग्राहीसँग कर्मचारी ठोकिनु नपरोस् यसैबाट सुशासन ल्याउन सकिन्छ”, उहाँले भन्नुभयो।

जेनजीको जनादेशलाई कार्यान्वयन गर्न क्याबिनेटबाट निर्णय भएपछि त्यसलाई सबैले आत्मसात् गर्नुपर्ने भन्दै उहाँले सरकारका निर्णय कार्यान्वयन गर्दिन भन्ने छुट कसैलाई नभएको स्पष्ट पार्नुभयो।

निर्देशन सम्बोधनका क्रममा गृहमन्त्री गुरुङले अहिलेको परिवर्तन जेनजी युवाको बलिदानमा सम्भव भएको उल्लेख गर्दै सहिदहरूको सम्झनामा एक मिनेट मौन धारण गर्न लगाउनुभएको थियो।

त्यसअघि मन्त्रालयमा उहाँलाई गृहसचिव राजकुमार श्रेष्ठ नेपाल प्रहरीका महानिरीक्षक सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख एवं मन्त्रालयको उच्चपदस्थ कर्मचारीले स्वागत गर्नुभएको थियो।

*दक्ष जनशक्ति ...*

बनाउने मन्त्री साहले बताउनुभयो। “रोजगारीमा सबैभन्दा ठूलो दक्ष सीपको समस्या छ”, उहाँले भन्नुभयो, “हाम्रो जनशक्तिलाई स्किलपुल बनाउनु पर्छ। विदेशमात्रै होइन, स्वदेशमा बस्ने जनशक्तिलाई पनि दक्ष बनाएर रोजगार यही सिर्जना गर्नुपर्छ।”

जनतालाई दिएको ‘म्यानडेड’ यही रहेको बताउँदै मन्त्री साहले शिक्षासँगै सीप सिकाउनु अहिलेको जनशक्तिको माग र आवश्यकता रहेको उहाँको धारणा थियो। यसका लागि मन्त्रालयले गरेको पाँचवर्षे योजनालाई सफल पार्ने प्रतिबद्धतासमेत मन्त्री साहले दिनुभयो।

मन्त्रालयका सचिव काफ्लेले पाँच वर्षभित्र प्राप्त गरेको सीप र रोजगारसँगको ऐक्यबद्धतालाई सुनिश्चित गरेर जानका लागि सरकारले काम गर्ने उद्देश्य रहेको बताउनुभयो।

## विश्व समाचार

# स्ट्रेट अफ होरमुजमा इरानको नियन्त्रण, विश्व बजारमा तेल संकट

तेहरान, १३ चैत (रासस/एपी)।

इरानले स्ट्रेट अफ होरमुजमा आफ्नो नियन्त्रणलाई औपचारिक बनाउँदै ‘टोल बूथ’ प्रणाली लागू गरेको छ, जसले यसलाई तेल ढुवानीको महत्वपूर्ण मार्गको प्रमुख संरक्षक बनाउने सम्भावना देखिन्छ। यस प्रणालीअनुसार जहाजहरूले इरानी जलसिमामा प्रवेश गरी आफ्नो विवरण बुझाउनुपर्छ, जसमध्ये माल, मालिक, गन्तव्य र चालक दलको पूर्ण सूची समावेश हुन्छ। स्वीकृत जहाजहरूले विशेष कोड पाउँछन् र इरानी तट नजिकै सुरक्षित पारगमन गरिन्छ। केही जहाजहरूले शुल्क तिरेका छन्, जुन चीनको मुद्रा युआनमा तिर्ने गरिएको छ। मार्चदेखि स्ट्रेटमा यातायात अत्यधिक घटेको छ, जसले विश्वव्यापी तेलको मूल्य बढाएको छ र एशियाली देशहरूमा तेल आपूर्तिमा सङ्कट ल्याएको छ। मार्च १ देखि हालसम्म करिब १५० जहाज मात्र पार गरेका छन्, जुन सामान्य अवस्थामा एक दिनको यातायातको बराबर हो। अधिकांश पारगमन गर्ने जहाजहरू पूर्वी दिशा तर्फ गएका छन्। सुरक्षा कारणले केही जहाजहरूले आफ्नो रेडियो पहिचान प्रणाली बन्द गरी पारगमन गर्छन् र ओमानको खाडीमा पुनः देखिन्छन्। कम्तीमा १८ जहाज आक्रमणमा परेका छन् र सात जना चालक दलको मृत्यु भएको छ। केही जहाजहरू कूटनीतिक दबाब पछि पार भएका छन्।

इरानी संसदले स्ट्रेट अफ होरमुजमा शुल्क र नियन्त्रणलाई कानूनी रूप दिन योजना गरिरहेको छ। यसले इरानी सम्प्रभुताको औपचारिक सङ्केत दिन्छ र राजस्व स्रोतको रूपमा पनि काम गर्न सक्छ। अन्तर्राष्ट्रिय समुद्री सङ्गठनले जहाजमाथि भएका आक्रमणको निन्दा गरेको छ र पारगमनको स्वतन्त्रता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समन्वयको आवश्यकता औँल्याएको छ। युनाइटेड अरब एमिरेट्सका एक तेल अधिकारीले यसलाई ‘आर्थिक आतङ्कवाद’ भनेर वर्णन गरेका छन्, किनभने यसले विश्वव्यापी ऊर्जा आपूर्ति र उपभोक्तामा प्रत्यक्ष असर पुऱ्याएको छ। यदि स्ट्रेट अफ होरमुज नियन्त्रणको लागि औपचारिक प्रणाली स्थायी बनाइयो भने, यसले अन्तर्राष्ट्रिय व्यापार र तेल आपूर्तिमा दीर्घकालीन प्रभाव पार्न सक्छ।

# होर्मुज तनावमा नागरिकलाई इरानको चेतावनी

वासिङ्टन, १३ चैत (रासस/एएफपी)।

मध्यपूर्वमा युद्धसँगै कूटनीतिक प्रयास चलिरहे पनि तनाव कम हुने सङ्केत देखिएको छैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्ट्रेट अफ होर्मुजसम्बन्धी समयसीमा बढाएको केही समयमै इरानको रिभोलुसनरी गाड्र्सले क्षेत्रका सर्वसाधारणलाई अमेरिकी सैन्य उपस्थिति भएका स्थानबाट टाढा रहन कडा चेतावनी दिएको छ। ट्रम्पले इरानलाई स्ट्रेट अफ होर्मुज खोल्न आग्रह गर्दै ऊर्जा पूर्वाधारमाथि सम्भावित आक्रमणको चेतावनी दिँदै आएको समयसीमालाई अप्रिल ६ सम्म सार्ने निर्णय गर्नुभएको थियो। उहाँले तेहरानकै अनुरोधमा यस्तो कदम चालेको र युद्ध अन्त्यका लागि वार्ता ‘राम्रोसँग अघि बढिरहेको’ बताउनुभयो। फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेयता क्षेत्रीय द्वन्द्व चर्किंदै गएको छ। तर इरानले भने आफ्ना सर्तमा मात्र युद्ध अन्त्य गर्ने सङ्केत दिँदै प्रतिशोधात्मक आक्रमणलाई निरन्तरता दिएको छ। यहीबीच रिभोलुसनरी गाड्र्सले ‘अमेरिकी-जियोनिस्ट शक्तिहरूले मानव ढाल प्रयोग गरेको’ आरोप लगाउँदै नागरिकलाई तत्काल सुरक्षित स्थानतर्फ सर्न आग्रह गरेका छन्। उनीहरूले अमेरिकी सेना तैनाथ रहेका क्षेत्रहरू, विशेषगरी होटलजस्ता स्थानहरू सम्भावित निशाना बन्न सक्ने चेतावनी दिएका छन्।

यस चेतावनीअघि कुवेतले आफ्नो मुख्य व्यापारिक बन्दरगाहमा ड्रोन आक्रमणबाट क्षति पुगेको जनाएको थियो। इरानी गाड्र्सले स्ट्रेट अफ होर्मुज शत्रु राष्ट्रका जहाजहरूका लागि बन्द गरिएको दाबी गर्दै पार गर्न खोजेका तीनवटा कन्टेनर जहाजलाई फर्काइएको जानकारी दिएका छन्। उनीहरूले अमेरिकी पक्षले स्ट्रेट अफ होर्मुज खुला भएको दाबीलाई ‘झुट’ भनेका छन्। तेल बजार र विश्व अर्थतन्त्रमा यस तनावको प्रभाव देखिन थालेको छ। होर्मुजमार्फत ऊर्जा आपूर्ति अवरुद्ध हुने जोखिमले मूल्य अस्थिर बनेको छ। जापानले ऊर्जा सङ्कटको सम्भावना देख्दै कोइलाबाट चल्ने विद्युत् उत्पादनमा अस्थायी रूपमा प्रतिबन्ध हटाउने तयारी गरेको छ भने भियतनामले इन्धन कर अस्थायी रूपमा हटाएको छ। कूटनीतिक मोर्चामा भने प्रयास जारी छन्। अमेरिकी विदेशमन्त्री मार्को रुबियो जी७ देशहरूसँग छलफलका लागि फ्रान्समा हुनुहुन्छ। बेलायतकी विदेशमन्त्री यभेट कुपरले द्वन्द्वको शीघ्र समाधान र होर्मुजमा अवरोध अन्त्य गर्न आह्वान गर्दै इरानले विश्व अर्थतन्त्रलाई ‘बन्धक’ बनाउन नपाउने बताउनुभयो। यसबीच, अमेरिका-इरानबीच अप्रत्यक्ष वार्ताको प्रक्रिया पनि अघि बढिरहेको छ। १५ बुँदे अमेरिकी प्रस्ताव पाकिस्तानमार्फत तेहरानसम्म पुगेको र इरानले त्यसमा प्रतिक्रिया दिइसकेको जनाइएको छ। इरानले युद्ध क्षतिपूर्ति र स्ट्रेट अफ होर्मुजमा आफ्नो सार्वभौमिकताको सम्मान गर्नुपर्ने माग अघि सारेको बताइएको छ। साथै, उसले अमेरिका र इजरायलका आक्रमणहरू अन्त्य गर्नुपर्ने शर्त पनि राखेको छ।

मानवीय पक्षले पनि चिन्ता बढाएको छ। संयुक्त राष्ट्रसङ्घका मानवअधिकार प्रमुख भोल्कर टर्कले युद्धको पहिलो दिन इरानी विद्यालयमा भएको घातक आक्रमणबारे अनुसन्धान पूरा गरी न्याय सुनिश्चित गर्न वासिङ्टनलाई आग्रह गर्नुभयो। प्रारम्भिक अमेरिकी अनुसन्धानले लक्षित त्रुटिका कारण टोमहाक क्रुज मिसाइल विद्यालयमा खसेको सङ्केत गरेको छ। युद्धले सांस्कृतिक सम्पदामा पनि असर पारेको छ। तेहरानका एक वरिष्ठ अधिकारीका अनुसार अमेरिका र इजरायली आक्रमणबाट देशभर कम्तिमा १२० वटा सङ्ग्रहालय तथा ऐतिहासिक स्थलहरू क्षतिग्रस्त भएका छन्, जसमा युनेस्को सूचीमा रहेको गोलेस्तान दरबार पनि समावेश छ।

यसैबीच, इजरायलले इरानका विभिन्न क्षेत्रमा नयाँ आक्रमण तीव्र पारेको छ। तेहरान, कोम र उर्मियामा आक्रमण भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। इजरायलभित्रै भने युद्धको रणनीतिमाथि प्रश्न उठ्न थालेका छन्। विपक्षी नेता यायर लापिडले सेना धेरै मोर्चामा फैलिँदा क्षति बढिरहेको बताउनुभयो। दक्षिणी लेबनानमा हिज्बुल्लाहसँगको लडाइँका कारण इजरायली सेनाले थप सैनिक आवश्यक रहेको जनाएको छ। लेबनानको बेरुत क्षेत्रमा पनि नयाँ हवाई आक्रमण भएको रिपोर्ट आएको छ भने हिज्बुल्लाहले उत्तरी इजरायलतर्फ रकेट प्रहार गरेको जनाएको छ।

# राजस्व अनुसन्धान विभाग खारेज प्रक्रिया अघि बढाउने नवनियुक्त अर्थमन्त्री डा वाग्लेको निर्णय

काठमाडौँ, १३ चैत (रासस)।

नवनियुक्त अर्थमन्त्री डा स्वर्णिम वाग्लेले पदभार ग्रहण गर्नुभएको छ। राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष शपथ ग्रहण गरेपछि उहाँ शुक्रबार अर्थ मन्त्रालय पुगेर पदभार सम्हाल्नुभएको हो।

सो अवसरमा अर्थमन्त्री डा वाग्लेले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ का महत्वपूर्ण सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले आयोगको सिफारिसअनुसार राजस्व अनुसन्धान विभाग खारेज गर्ने तथा विभिन्न १५ ऐन खारेज वा संशोधन प्रक्रिया तत्काल अघि बढाउने निर्णय गरिएको जानकारी दिनुभयो।

अर्थमन्त्री डा वाग्लेले चैत ११, २०८२ सम्मको 'आर्थिक स्थितिपत्र' पाँच दिनभित्र तयार पार्ने र सरकारको निर्वाचन वाचापत्रलाई कार्यान्वयनमा लैजान १०० दिने, अर्धवार्षिक तथा वार्षिक कार्ययोजना बनाइने बताउनुभयो। उहाँले वाचापत्रलाई आन्तरिकीकरण गर्दै प्रभावकारी कार्यान्वयनतर्फ सरकार अघि बढ्ने उल्लेख गर्नुभयो।

उहाँका अनुसार निजी उद्यम-व्यवसायको सुरक्षा तथा प्रवर्द्धन, ठूला विकास आयोजनाको सहजीकरण र प्रक्रियागत झन्झट हटाउन नयाँ विधेयक तर्जुमा तथा विद्यमान कानुन संशोधनलाई प्राथमिकता दिइनेछ। "अब ठूला आयोजना फटाफट अघि बढ्ने वातावरण बनाइनेछ", उहाँले भन्नुभयो।

अर्थमन्त्री डा वाग्लेले अर्थतन्त्रमा देखिएका समस्यालाई टुक्राटुक्रा रूपमा नभई समग्र रूपमा समाधान गर्ने नीति लिइने बताउँदै तजबिजी अधिकार हटाएर प्रणालीगत सुधार गरिने उल्लेख गर्नुभयो। उहाँले सार्वजनिक खर्च पुनरावलोकन आयोगको सिफारिस कार्यान्वयन, आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र रुपान्तरणकारी बजेट निर्माणलाई प्राथमिकतामा राखिने जानकारी दिनुभयो।

उहाँले विद्युतीय शासन प्रणालीलाई प्रवर्द्धन गर्दै 'पेपरलेस' र 'क्यासलेस' प्रणालीतर्फ अघि बढ्ने प्रयासको सुरुआत अर्थ मन्त्रालयबाटै गरिएको पनि बताउनुभयो। साथै, वर्तमान अन्तरराष्ट्रिय परिस्थिति, विशेषगरी मध्यपूर्व क्षेत्रमा देखिएको समस्यालाई सूक्ष्म ढङ्गले विश्लेषण गर्दै अन्तर-निकाय समन्वयमार्फत त्यसको प्रभाव व्यवस्थापन गरिने उहाँको भनाइ छ।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनअनुसार खारेज प्रक्रिया अघि बढाइने ऐनहरूमा आय टिकट दस्तुर ऐन, २०१९, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३, क्षतिपूर्ति ऐन, २०१९, विर्ता उन्मुलन ऐन, २०१६, विर्तावालले विर्तामा रकम लगाइ-लिन खान नपाउने ऐन, २०१५, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१, नेपाल एजेन्सी ऐन, २०१४, प्रादेशिक विकास योजना (कार्यान्वयन गर्ने) ऐन, २०१३, निकासी-पैठारी (नियन्त्रण) ऐन, २०१३, सामाजिक व्यवहार सुधार ऐन, २०३३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन, २०१४ तथा वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ रहेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापतिसमेत रहनुभएका अर्थमन्त्री डा वाग्लेले ऐतिहासिक जनादेश प्राप्त वर्तमान सरकारले निजी क्षेत्रमैत्री नीति अवलम्बन गर्दै आर्थिक तथा कानुनी सुधारको व्यापक मार्गचित्र अघि बढाउनेसमेत बताउनुभयो।

नवनियुक्त अर्थमन्त्री डा वाग्ले मुलुकको आर्थिक नीतिगत नेतृत्वमा अनुभवी र अन्तरराष्ट्रिय पहिचान बनाएका व्यक्तिका रूपमा परिचित हुनुहुन्छ। नवगठित मन्त्रिपरिषद् वाग्ले दोस्रो वरियतामा राखिनुले सरकारको आर्थिक एजेन्डा उच्च प्राथमिकतामा रहेको बुझ्न सकिन्छ।

तनहुँ क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित वाग्लेले २०८२ सालको निर्वाचनमा ३८ हजार ४० मत प्राप्त गर्दै प्रभावशाली जित हासिल गर्नुभएको थियो।

# नवनियुक्त प्रधानमन्त्री शाहको जीवनी



काठमाडौँ, १३ चैत (रासस)।

नेपालको ४३औँ प्रधानमन्त्रीमा बालेन्द्र शाह (बालेन) नियुक्त हुनुभएको छ। नवनियुक्त प्रधानमन्त्री शाह गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा झापा क्षेत्र नं ५ बाट निर्वाचित हुनुभएको थियो। उहाँले त्यस निर्वाचनमा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई ठूलो मतान्तरले पराजित गर्नुभयो।

नवनियुक्त प्रधानमन्त्री शाह आयुर्वेदिक चिकित्सक डा रामनारायण शाह र ध्रुवादेवी शाहका सुपुत्र हुनुहुन्छ। उहाँको जन्म विसं २०४७ वैशाख १४ गते काठमाडौँको नरदेवीमा भएको हो। उहाँको पुर्ख्यौली घर महोत्तरीको एकडारा हो।

'र्‍याप आर्टिस्ट'का रूपमा समेत ख्याति कमाउनुभएका शाहले भारतबाट एम टेक (संरचनागत इन्जिनियरिङ) र पूर्वाञ्चल विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङमा स्नातक गर्नुभएको छ। विसं २०७९ को स्थानीय तह निर्वाचनमा शाह काठमाडौँ महानगरपालिकाको प्रमुखमा निर्वाचित हुनुभएको थियो। प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिन उहाँले गत माघ ४ गते महानगर प्रमुख पदबाट राजीनामा दिनुभएको थियो। शाहले काठमाडौँको प्रमुख रहँदा पर्यटन र अर्थतन्त्र प्रवर्द्धनका लागि नेवा संरचनाको संरक्षणमा महत्वपूर्ण योगदान दिनुभयो। सहरी शासन र विकास कार्यक्रमको नेतृत्व, पूर्वाधार सुधार, सम्पदा संरक्षण र सेवा प्रवाहमा सुधारमा समेत उहाँको योगदान छ।

महानगरपालिकाका अवैध संरचना हटाउन, फुटपाथ तथा सहरी व्यवस्थापन गर्न योगदान दिनुभयो। नेपालका विभिन्न क्षेत्रमा विशेषगरी भूकम्पपछिको पुनःनिर्माण र सहरी व्यवस्थापनमा उहाँले उल्लेखनीय योगदान गर्नुभएको छ। शाहले २०७२ सालको भूकम्पपछिको पुनःनिर्माणमा सक्रिय सहभागिता जनाउनुभएको थियो। पुल, सडक र भवन डिजाइन तथा निर्माणमा अनुभव आर्जन गर्नुभएका शाहले सम्पदा संरक्षण तथा संरचनागत संरक्षण, पर्यटनमार्फत आर्थिक विकास र परम्परागत नेवा वास्तुकलामा विशेष जोड दिनुभएको छ।

दुई दर्जनभन्दा बढी र्‍याप कम्पोज गर्नुभएका शाहका सिर्जना भ्रष्टाचारको विरोध तथा सुशासनको अपेक्षा, युवा तथा सामाजिक मुद्दामा बढी केन्द्रित छन्। उहाँका गीतमा बेरोजगारी, असमानता, राजनीतिक विकृतिका साथै राज्य प्रणालीमाथि प्रश्न गरिएको हुन्छ।

संविधानसभाको दोस्रो निर्वाचनपछि नै शाहले 'म नेपाल हाँसेको हेर्न चाहन्छु' गीत सार्वजनिक गर्दै देशप्रतिको आफ्नो चिन्ता व्यक्त गर्नुभएको थियो।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा समर्थन जनाउनुभएका शाहमाथि आन्दोलनको कार्यादेश पूरा गर्नुपर्ने अभिभारा आइलागेको छ। नयाँ पुस्ताको बेचैनी र विद्रोहलाई सम्बोधन गर्दै परिवर्तनको चाहनालाई उहाँले पूरा गर्नुपर्नेछ।

# विभिन्न अभियोगका ६ जना आरोपित पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १३ चैत।**

सप्तरी प्रहरीले विभिन्न अभियोगका ६ जना आरोपितलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीका अनुसार सप्तरीकी एक किशोरीको नग्न भिडियो बनाई सार्वजनिक गरिदिन्छु भन्दै धम्क्याउने र पटक-पटक गरी ह्वाट्सएप मार्फत १५ हजार रुपैयाँ ठगी गरेको आरोपमा २१ वर्षिय एक युवकलाई पक्राउ गरिएको छ।

बिहीवार पक्राउ परेका ती युवकलाई ठगी मुद्दामा सप्तरी जिल्ला अदालतबाट म्याद लिएर थप अनुसन्धान भईरहेको उनको भनाई छ।

यस्तै सप्तरी जिल्ला अदालत परिसर भित्रै दसीका लागि राखिएका साइकल चोरी गरेको आरोपमा राजविराज नगरपालिका ११ का २३ वर्षिय अर्जुन कुमार यादवलाई पक्राउ गरेको छ। अदालतका कर्मचारी तथा सुरक्षागार्ड काममा व्यस्त रहेको मौका छोपी यादवले साइकल चोरी गरेको अनुसन्धानका क्रममा पत्ता लागे पछि नियन्त्रणमा लिएको प्रहरीको भनाई छ।

यस्तै सर्वसाधारणको मोटरसाइकल चोरी गरेको आरोपमा सप्तरीको महदेवा गाउँपालिका १ बस्ने २० वर्षिय मो. इजहारुल, राजविराज नगरपालिका १ बस्ने २२ वर्षिय मो. सरफराज तथा हनुमाननगर कंकालिनी नगरपालिका १ बस्ने पुष्पा भन्ने पुष्पेन्द्र यादव तथा भैसी चोरी गरेको आरोपमा कंचनरुप नगरपालिका १ बस्ने २३ वर्षिय शम्भुनाथ यादव पक्राउ परेका छन्।

बिहीवार पक्राउ परेका सबैजनालाई सप्तरी जिल्ला अदालतबाट विभिन्न मुद्दामा म्याद थपेर आवश्यक अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

*रामनवमीमा ...*

सरकारले सार्वजनिक विदा दिएकाले पनि शोभा यात्रामा ठूलो सहभागिता देखिएको थियो। भगवान रामको जन्म चैत्र महिना शुक्ल पक्षको नवमी तिथीको मध्यदिवस (मध्याहन)मा भएको थियो। धार्मिक ग्रन्थ रामचरित मानसका अनुसार सोही तिथीमा प्रत्येक वर्ष राम जन्मोत्सव मनाउने चलन छ।

# भिआइपी मुभमेन्ट' का नाममा नागरिकले दुःख पाउनु भएनः गृहमन्त्री गुरुङ

काठमाडौँ, १३ चैत (रासस)।

नवनियुक्त गृहमन्त्री सुधन गुरुङले 'भिआइपी मुभमेन्ट'का नाममा नागरिकले दुःख पाउने अवस्था अन्त्य गर्न आग्रह गर्नुभएको छ। गृह मन्त्रालयमा शुक्रबार पदभार ग्रहण गरेपछि कर्मचारीलाई निर्देशन दिने क्रममा उहाँले परिवर्तनको सुरुआत आफैँबाट गर्नुपर्नेमा जोड दिनुभयो।

जेनजी आन्दोलनको अगुवाइ गर्नुभएका मन्त्री गुरुङले आन्दोलनलगत्तै मन्त्रीहरूको सेवासुविधा खारेजी र सवारीका क्रममा नागरिकलाई सास्ती दिने प्रवृत्ति अन्त्य गर्नुपर्ने बताउनुभएको थियो। सांसदको सुविधा जनतालाई नै समर्पण गर्ने घोषणा गर्नुभएका मन्त्री गुरुङ आफैँ निजी कार चलाएर मन्त्रालयबाट बाहिरिनुभएको थियो।

"नागरिक तहमा 'भिआइपी मुभमेन्ट'ले गाह्रो पार्दै आएको छ, यस क्रममा नागरिकले दुःख पाउनु भएन, यस्तो कार्य नगर्न सबै मन्त्रीहरूलाई आग्रह गर्दछु", मन्त्री गुरुङले भन्नुभयो।

मन्त्रालयमा पदबहालीपश्चात् जेनजी सहिद परिवार र घाइतेलाई साक्षी राखेर गृहमन्त्री गुरुङले मन्त्रालय तथा मातहतको निकायबाट हुने सेवा प्रवाहलाई एकद्वार प्रणालीमार्फत प्रदान लैजाने निर्णय गर्नुभयो।

मन्त्री गुरुङले जेनजी आन्दोलनका सहिद परिवार र घाइतेलाई राज्यका तर्फबाट सुविधा दिनका लागि विभिन्न मन्त्रालयका प्रतिनिधि रहेको कार्यदल गठन गरिने बताउनुभयो।

# स्वास्थ्यमन्त्रीमा मेहता नियुक्त

**दैनिक समाचारदाता**
**काठमाडौँ, १३ चैत।**

स्वास्थ्य तथा जनसङ्ख्या एवम् खानेपानीमन्त्रीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद निशा मेहता नियुक्त भएकी छिन्।

राष्ट्रपति भवन शीतलनिवासमा शुक्रबार आयोजित विशेष समारोहमा मेहताले राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिइन्। पेसाले नर्स उनी रास्वपामा स्थापनाकालदेखि नै आबद्ध छिन्। उनी प्रतिनिधिसभा सदस्य निर्वाचनमा रास्वपाको मधेसी 'क्लस्टर'बाट समानुपातिक सांसद चुनिएकी हुन्।

सुनसरी इनरुवाकी ३८ वर्षीया मेहताले भारतबाट 'नर्सिङ'मा स्नातकोत्तर गरेकी छिन्। उनी विराटनगरस्थित विराट शिक्षण अस्पतालमा उपप्राध्यापक रूपमा कार्यरत थिए।


सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*